विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०४/३१ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि सम्बन्धमा। | कोशी प्रदेश, *स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०* को दफा २७ मा भएको व्यवस्था एवम् *विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१* बमोजिम विराटनगर महानगरपालिकामा कार्यरत स्थानीय सरकारी सेवाका कर्मचारीहरूको तह वृद्धिका लागि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०३/१५ मा प्रकाशित सूचना अनुसार दरखास्त पेश गर्ने कर्मचारीहरूको ऐनको दफा २७ को उपदफा (४) बमोजिम नगर कार्यपालिकाबाट गठित तह वृद्धि सिफारिस समितिको सिफारिसका आधारमा **अनुसूची-१** मा उल्लेख भएको विवरण अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमार्फत उल्लिखित ऐनको दफा ३८ बमोजिमको बढुवा समितिबाट प्राप्त राय परामर्श बमोजिम २०८१ साउन १ गतेदेखि ज्येष्ठता कायम हुनेगरी तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | आ.व.२०८१/०८२ को दररेट सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनार्थ निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको आ.व.२०८१/०८२ को लागि स्थानीय न्यूनतम दररेट निर्धारण सम्बन्धमा मोरङ जिल्लाको आ.व. २०८१/०८२ को स्वीकृत दररेटलाई नै महानगरपालिकाको स्थानीय न्यूनतम दररेट कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विविध। | (क) सियोल महानगरपालिका, दक्षिण कोरियाको आयोजना र सिटीनेट (CityNet) को सहकार्य र साझेदारीमा दक्षिण कोरियाको सियोलमा मिति २०८१ असोज ०९ देखि ११ सम्म (Sep. 25 – Sep. 27, 2024) आयोजना हुने १०औं ग्लोबल सम्मेलन (The 10th Global Conference of the Alliance for Healthy Cities) मा सहभागी हुनका लागि CityNet Nepal, National Chapter का अध्यक्ष समेत रहनुभएका विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइराला एवम् महानगरपालिकाका उपप्रमुख श्री शिल्पा निराला कार्कीलाई मनोनयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८० को दफा ८ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम **अनुसूची-२** मा उल्लेख भए अनुसार ऐनको दफा ७ बमोजिमको परिषद् तथा दफा ११ बमोजिमको कार्यसमिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले निर्माण गरिएको "फोहोरमैला व्यवस्थान कार्यविधि, २०८१" सर्वसम्मतिले स्वीकृत गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (घ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०७/१६ मा बसेको बैठक (बैठक संख्या ८, आ.व.२०७९/०८०) को निर्णयानुसार सार्वजनिक नगर बस सञ्चालन गर्नका लागि सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप प्रदेश लगानी प्राधिकरण, कोशी प्रदेशमार्फत परियोजना सञ्चालनको प्रक्रिया अगाडि बढाइएकोमा हालसम्म पनि प्रक्रिया पूरा हुन नसकेकोले विराटनगर महानगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०७८ बमोजिम महानगरपालिका आफैंले उक्त परियोजना सञ्चालनको आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४४(१) मा अस्थायी तथा करार कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा समावेश गर्ने व्यवस्था भए बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत अस्थायी तथा करारका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा स्थानीय सरकारी सेवाका आधारभूत तहका (श्रेणीविहीन) कर्मचारीहरूको स्तर वृद्धिका सम्बन्धमा स्पष्ट व्यवस्था नरहेकोले हाल विराटनगर महानगरपालिका अन्तर्गत स्थानीय सरकारी सेवामा कार्यरत रहेका आधारभूत तहका (श्रेणीविहीन) स्थायी कर्मचारीहरूको निजामती सेवा ऐन, २०४९ को दफा २४घ२ को उपदफा (३) मा रहेको व्यवस्था बमोजिम स्तर वृद्धि गर्ने र सोको प्रयोजनार्थ स्थायी नियुक्ति हुनुभन्दा अघि अविच्छिन्न रुपमा अस्थायी/करारमा गरेको जम्मा सेवा अवधिको पचहत्तर प्रतिशतलाई गणना गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(छ) महानगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायमा उजुरी तथा गुनासा परी भुक्तानी रोकिएका योजना/कार्यक्रमहरूको नियमित रुपमा सुपरीवेक्षण गर्ने (साइट) प्राविधिक बाहेकको प्राविधिकबाट नापजाँच गराई जनप्रतिनिधि समेतको अनुगमनबाट यकिन भएको रकममा २० (बीस) प्रतिशत रकम रोक्का राखी बाँकि रकम भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ज) विराटनगर महानगरपालिकाको "आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८०" को पहिलो संशोधन, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(झ) विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको विराटनगर ७ स्थित वीरेन्द्र सभागृहको पुनर्निर्माण तथा प्रबलिकरण गरी सुविधासम्पन्न सभाहलको रुपमा निर्माण गर्ने कार्य अन्तिम चरणमा रहेकोले उक्त सभागृहलाई व्यवस्थित र प्रभावकारी ढङ्गले दीगो रुपमा सञ्चालन गरी महानगरपालिकाको आन्तरिक आय समेत वृद्धि गर्ने प्रयोजनार्थ वीरेन्द्र सभागृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ञ) निर्माण सम्पन्न भई महानगरपालिकालाई हस्तान्तरण भएपश्चात ठेक्का व्यवस्थापन नहुन्जेलसम्मका लागि वीरेन्द्र सभागृह सञ्चालन गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी दैनिक रु.१,००,०००।० (एक लाख रुपैयाँ) शुल्क लिई कार्यक्रम सञ्चालनका लागि भाडामा दिने र सो सभागृह (दक्षिणतर्फ रहेको इको पार्कसहित) ठेक्का प्रक्रियामार्फत सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउन आ.व.२०८१/०८२ देखि आ.व.२०८५/०८६ सम्म पाँच वर्षका लागि वार्षिक रु.६० लाख (कर बाहेक) न्यूनतम ठेक्का अङ्क कायम गरी बहुवर्षीय ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ट) विराटनगर महानगरपालिका, १२ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री विश्व कुमार कामत कार्यालयको कामकाजको सिलसिलामा विद्युतको खम्बाबाट लडी गोल्डेल अस्पताल प्रा.लि.मा उपचाररत रहेकोले निजको उपचार वापत उक्त अस्पतालमा लागेको मिति २०८१/०४/३२ सम्मको उपचार खर्च रकम महानगरपालिकाले ब्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

अनुसूची-१

(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०४/३१ मा बसेको बैठकको निर्णय नं.१ सँग सम्बन्धित)

अधिकृतस्तर सातौं तहदेखि अधिकृतस्तर आठौं तहः

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | राकेश कुमार ठाकुर | | इन्जिनियर/अधिकृतस्तर सातौं | इन्जिनियर/अधिकृतस्तर आठौं | इन्जिनियरिङ/सिभिल |
| २ | अनिल सिंह | | इन्जिनियर/अधिकृतस्तर सातौं | इन्जिनियर/अधिकृतस्तर आठौं | इन्जिनियरिङ/इलेक्ट्रिकल |
| ३ | मिष्टर के.सी. | | लेखा अधिकृत/अधिकृतस्तर सातौं | लेखा अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/लेखा |
| ४ | गोपाल पोखरेल | | इन्जिनियर/अधिकृतस्तर सातौं | इन्जिनियर/अधिकृतस्तर आठौं | इन्जिनियरिङ/सिभिल |
| ५ | संजिव कुमार भट्टराई | | लेखा अधिकृत/अधिकृतस्तर सातौं | लेखा अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/लेखा |
| ६ | कृष्ण प्रसाद पोखरेल | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ७ | खगेश्वर क्षेत्री काफ्ले | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ८ | शारदा थपलिया | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ९ | अनिता न्यौपाने | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| १० | पृथ्वी कुमारी बस्नेत | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |
| ११ | पुनम कुमार दाहाल | | अधिकृत/अधिकृतस्तर सातौं | अधिकृत/अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन |

सहायकस्तर पाँचौं तहदेखि अधिकृतस्तर छैटौं तहः

| ज्येष्ठता क्रम | नाम थर | कर्मचारी सङ्केत नं. | हालको पद/तह | तह वृद्धि हुने पद/तह | सेवा/समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | प्रकाश कुमार कर्ण | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| २ | अशोक कुमार गुप्ता | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ३ | उत्तम देव जोशी | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ४ | सुमनराज दाहाल | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/ अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ५ | कल्पना खनाल | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ६ | खगेन्द्र प्रसाद घिमिरे | | सुपरभाइजर/सहायकस्तर पाँचौं | सुपरभाइजर/अधिकृतस्तर छैटौं | विविध |
| ७ | राम प्रसाद बराल | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ८ | इन्दिरा कार्की | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ९ | मोहन विक्रम शाही | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| १० | डिकनाथ पोखरेल | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| ११ | राजेन्द्र आचार्य | | सहायक/सहायकस्तर पाँचौं | अधिकृत/अधिकृतस्तर छैटौं | प्रशासन/सामान्य प्रशासन |
| १२ | लिना कुमारी यादव | १९९२२५ | स.म.वि.नि./सहायकस्तर पाँचौं | म.वि.नि./अधिकृत/अधिकृतस्तर छैटौं | विविध |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

अनुसूची-२

(नगर कार्यपालिका बैठक मिति २०८१/०४/३१, बैठक संख्या १-२०८१/०८२ को निर्णय नं. ३(ख) सँग सम्बन्धित)

**विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८० को दफा ७ बमोजिम गठन गरिएको परिषद्:-**

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | विवश पोखरेल (मनोहरप्रसाद पोखरेल) | अध्यक्ष | |
| २. | सरला चापागाईं | उपाध्यक्ष | |
| ३. | दिङ्लाली कान्छो दिनेशराज सुवेदी | सदस्यसचिव | |
| ४. | माया पौडेल | परिषद सदस्य | |
| ५. | अनुराधा थापा | परिषद सदस्य | |
| ६. | प्रा. भूषण ढुंगेल | परिषद सदस्य | |
| ७. | मधु पोखरेल | परिषद सदस्य | |
| ८. | भैरव क्षेत्री | परिषद सदस्य | |
| ९. | शिवनारायण पण्डित सिंगल | परिषद सदस्य | |
| १०. | प्रा.डा. हरिहर भण्डारी | परिषद सदस्य | |
| ११. | लक्ष्मण नेवटिया | परिषद सदस्य | |
| १२ | गोकुल अधिकारी | परिषद सदस्य | |
| १३. | रामा मण्डल | परिषद सदस्य | |
| १४. | हरि कट्टेल | परिषद सदस्य | |
| १५. | भेषराज पोखरेल | परिषद सदस्य | |
| १६. | रामबाबु दाहाल | परिषद सदस्य | |
| १७. | केशव रायमाझी | परिषद सदस्य | |
| १८. | डा. विमला श्रेष्ठ | परिषद सदस्य | |
| १९. | सविता गौतम दाहाल | परिषद सदस्य | |
| २०. | शुभलक्ष्मी लम्साल | परिषद सदस्य | |
| २१. | इन्द्र परियार | परिषद सदस्य | |

**विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८० को दफा ११ बमोजिम गठन गरिएको कार्यसमितिः-**

| क्र.सं. | नाम | पद | विभाग |
|---|---|---|---|
| १. | विवश पोखरेल (मनोहरप्रसाद पोखरेल) | अध्यक्ष | |
| २. | सरला चापागाईं | उपाध्यक्ष | |
| ३. | दिङ्लाली कान्छो (दिनेशराज सुवेदी) | सदस्यसचिव | |
| ४. | माया पौडेल | कार्यसमिति सदस्य | नृत्य/गीत-सङ्गीत |
| ५. | अनुराधा थापा | कार्यसमिति सदस्य | ललितकला |
| ६. | प्रा. भूषण ढुंगेल | कार्यसमिति सदस्य | भाषा |
| ७. | मधु पोखरेल | कार्यसमिति सदस्य | साहित्य |
| ८. | भैरव क्षेत्री | कार्यसमिति सदस्य | नाट्य/रङ्गमञ्च |
| ९. | शिवनारायण पण्डित सिंगल | कार्यसमिति सदस्य | मातृभाषा |

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश